परोहा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(प्रशासन,योजना तथा अनुगमन शाखा)

लौकाहा,रौतहट

मधेश प्रदेश, नेपाल

पत्र संख्या:२०८२/०८३

च.नं.- १६४८

मितिः-२०८३/०२/०५

फोनः९८५५०४४०२३,Website: www.Parohamun.gov.npईमेल:- info@parohamun.gov.np

परोहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय लौकाहा,रौतहट मधेश प्रदेश नेपाल

**विषय:- मार्गदर्शन सहित वडागत बजेट सिलिङ्ग पठाइएको सम्बन्धमा।**

श्री वडा कार्यालयहरु सबै (वडा नं.१ देखी ९ सम्म)

उपरोक्त सम्बन्धमा यस न.पा.को श्रीमान् नगर प्रमुख ज्यूको अध्यक्षतामा बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८३/०१/१० गतेको बैठकबाट यस नगरपालिकाको आ.व.२०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गरी तोकिएको मिति भित्रै नगर सभाको बैठकमा पेश गर्नु पर्ने भएकोले सो प्रयोजनार्थ बजेट रकमको सिमा भित्र रही वडा स्तरीय भेला गराई वडा तथा वस्ती स्तरबाट माग भई आएका आवश्यक,उपयोगी र धेरै भन्दा धेरै जनता लभान्वित हुने योजनाहरु छनौट गरी प्राथमिकीकरण सहित मिति २०८३/०२/१५ गते भित्र यस न.पा.कार्यालयमा पठाउन सबै वडा कार्यालयलाई लेखी पठाउने निर्णय भएकोले तपसिल बमोजिमका क्षेत्रगतहरु समेटी योजना तथा कार्यक्रमको छनौट र प्राथमिकीकरण गरी यस न.पा.मा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा योजना तथा कार्यक्रमको शीर्षक र बजेट रकम स्पष्ट रुपमा खुलाई पठाई दिनु हुन अनुरोध छ।

तपसिल

<u>आयोजना प्राथमिकिकरणका आधार, सीमा र मार्गदर्शन</u>

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पु-याउने

ख) उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने

ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढने

घ) स्थानीय सहभागीता जुट्ने, स्वयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने

ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने

च) महिला, बालबालिका तथा पिछिडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने

ज) दिगो विकास , वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पु-याउने

झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पु-याउने

ञ) सम्बन्धित वडाले आवश्यक देखेका अन्य विषयहरु

१. आर्थिक विकास तर्फ –कृषि, पर्यटन,उधोग तथा वाणिज्य,सहकारी,वित्तिय क्षेत्र र रोजगारी लगायतका कार्यक्रम

२. सामाजिक विकास तर्फ – शिक्षा, स्वास्थ्य, सँस्कृति प्रवर्दन,खानेपानी तथा सरसफाई, जनसंख्या व्यवस्थापन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, ज्येष्ठ नागरिक, अपाङ्ग ,दलित तथा पिछडा वर्ग कार्यक्रम, धार्मिक साँस्कृतिक जगेर्ना लगायतका कार्यक्रम)

३. पूर्वाधार विकास तर्फ – (सडक तथा पुल,सिंचाई, संचार, ऊर्जा,लघु तथा साना जलविधुत (वैकल्पिक ऊर्जा समेत), भवन तथा शहरी विकास लगायतका कार्यक्रम)

CamScanner

४. वातावरण तथा विपद् व्यवस्थापन तर्फ – वन तथा भू-संरक्षण,फोहोरमैला व्यवस्थापन,जल उत्पन्न प्रकोप नियन्त्रण,वातावरण संरक्षण,जलवायु परिवर्तन, विपद् व्यवस्थापन, माहामारीजन्य रोग नियन्त्रण,भूकम्पीय जोखिम नियन्त्रण, बाढी पहिरो नियन्त्रण, लामखुट्टे नियन्त्रण

५. संस्थागत विकास तथा सेवा प्रवाह तर्फ – माव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन,सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, सुशासन प्रवर्द्धन,सुरक्षा व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन आदी

**वडागत सिलिङ्ग**

क) वडा नं. १ जिंगडवा – रु.२००००००/-

ख) वडा नं. २ जिंगडवा – रु.२००००००/-

ग) वडा नं. ३ तेजापाकड – रु.२००००००/-

घ) वडा नं. ४ लौकाहा – रु.२००००००/-

ङ) वडा नं. ५ नमनगरा – रु.२००००००/-

च) वडा नं. ६ बसन्तपट्टी – रु.२००००००/-

छ) वडा नं. ७ नरकटिया – रु.२००००००/-

ज) वडा नं. ८ नरकटिया – रु.२००००००/-

झ) वडा नं. ९ रामपुरखाप – रु.२००००००/-

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत